नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## अत्यावश्यक वस्तुहरुको आपूर्ति व्यवस्थाको स्थिति

## (२०७८ जेठ २४)

### १. खाद्य पदार्थको मौज्दात अवस्थाः-

| खाद्यपदार्थ | | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. | साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड | निजी क्षेत्र | जम्मा |
|---|---|---|---|---|---|
| चामल (मेट्रिक टन) | जम्मा | १०,९१६ | - | - | १४,१८५(५००० मेट्रिक टन चामल बोलपत्र प्रक्रियाबाट खरिद हुने क्रममा रहेको) |
| | दुर्गम जिल्ला | ३२,६९ | - | | |
| आयोडिनयुक्त नून (मेट्रिक टन) | जम्मा | - | १,५०,९१४.९३ | - | १,५३,३७६.९३ |
| | दुर्गम जिल्ला | - | २,४६२ | - | |
| चिनी (मेट्रिक टन) | | | ६९९ | २१०५७ | २१,७५५ |
| गहुँ(क्विन्टल) | | १२,०७९.०८ | - | - | १२,०७९.०८ |

## २. खाद्य पदार्थ एवं पेट्रोलियम पदार्थ (एल.पि.ग्याँस समेत) को आयात अवस्थाः

- २०७८ जेठ २३ गते ६७८५ मेट्रिक टन खाद्यान्न, ६७० मेट्रिक टन दलहन्/गेडागुडी, २१४५ मेट्रिक टन तरकारी, ११०३ मेट्रिक टन फलफूल, ०.००४ टन दुग्धजन्य पर्दाथ, एल.पि.जि. २०५१, डिजल १७२८ के.एल., पेट्रोल १६९६ के.एल.,४९६९३ बराबरको औषधीको कच्चापदार्थ र रु.१७४०५५ बराबरको तयारी औषधी आयात भएको छ। आयात अवस्था तलको तालिकामा देखाइएको छ।

| मिति | खाद्यान्न (मे.टन) | दलहन/गेडा गुडी (मे.टन) | तरकारी (मे.टन) | फलफूल (मे.टन) | दुग्धजन्य (मे.टन) | LPG (मे.टन) | डिजल | पेट्रोल | औषधी कच्चापदार्थ (रु. '०००) | तयारी औषधी (रु.'०००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वैशाख महिना (१६-३१) | १४१०५५ | १३३३६ | २१५९३ | १२७९८ | १४१ | २३८४४ | ५४४६८ | २१९६० | ५८११४४ | १३८६६९० |
| पहिलो हप्ता (जेठ २-८) | ४८५३७ | ५३०४ | ६८०४ | ५४१८ | ५३ | १७८४ | ८९६८ | ५७८० | २८५७८२ | २०५७८८ |
| दोश्रो हप्ता (जेठ ९-१५) | ३४३७८ | ३३७५ | ५१९९ | ६५२९ | ६.०३४ | १०४२४ | ५६९९२ | ५०७० | २४२७९३ | ८६१४३७ |
| तेश्रो हप्ता (जेठ १६-२२) | ३७६५० | ७१६० | १०४०४ | ५५५६ | २७ | ८८७५ | १०२५२ | ८१५६ | ३३१०९० | २३३३७८६ |
| जेठ-२३ | ६७८५ | ६७० | २१४५ | ११०३ | ०.००४ | २०५१ | १७२८ | १६९६ | ४९६९३ | १७४०५५ |

## ३. खाद्यान्नको आपूर्ति, बिक्री एवं मौज्दात स्थितिः

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको खाद्यान्न मौज्दात एवं बिक्री वितरणको अवस्था देहाय बमोजिम रहेको छः-

**खाद्यान्न बिक्री तथा मौज्दातको सारंश विवरण (क्विन्टलमा)**

| | |
|---|---|
| सुगम जिल्लाहरुमा चामल मौज्दात | ७६,४७१.२६ |
| २४ दुर्गम जिल्लाहरुमा चामल मौज्दात | ३२,६९८.५३ |
| कुल चामल मौज्दात | १०९,१६९.७९ |
| धानमौज्दात | १४७,८४७.०४ |
| गहुँमौज्दात | १२,०७९.०८ |
| कुल खाद्यान्न मौज्दात | २६९,०९५.९१ |
| वोलपत्रको माध्यमबाट प्राप्त हुने चामल | ५०,०००.०० |
| सुगम जिल्लाहरुमा विक्री परिमाण | ८१३०६.२९ |
| २४ दुर्गम जिल्लाहरुमा विक्री परिमाण | १०९४२७.५९ |
| जम्मा विक्री परिमाण | १९०७३३.८८० |

- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले हालको विषम परिस्थितिलाई ध्यान दिई अनलाइन व्यापारलाई प्राथमिकता दिएको छ।

- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट उपभोक्तालाई सर्वसुलभ रुपमा खाद्य वस्तुहरु चामल, दाल, तेल, सिमी, मार्सी चामल चक्रपथ भित्र उपलव्ध गराउन अनलाइन मार्फत बिक्री वितरणको व्यवस्था गरिएको छ। थप जानकारीको लागि कम्पनीको वेवसाइट www.nepalfood.gov.np मा हेर्न सकिनेछ।

**आयोडिनयुक्त नून तथा चिनी सम्बन्धमाः**

- साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडसँग आयोडिनयुक्त नुन १,५३,९६४.७३ मेट्रिक टन मौज्दात रहेको हुँदा आपूर्ति व्यवस्थामा कुनै समस्या छैन। चिनीको हकमा हाल साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडसँग ६९९ मेट्रिक टन मौज्दात रहेको छ। यसैगरी निजी क्षेत्रसँग जम्मा २१०५७ मेट्रिक टन चिनी मौज्दात रहेको छ।

**पेट्रोलियम पदार्थ एवं खाना पकाउने एल.पि.ग्याँस सम्बन्धमाः**

- नेपाल आयल निगम लिमिटेडबाट पेट्रोलियम पदार्थ एवं खाना पकाउने एल.पि.ग्याँसको आपूर्ति व्यवस्था नियमित एवं सहज रुपमा भईरहेको छ। आयातमा कुनै अवरोध र समस्या छैन। निगमको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनबाट डिजल नियमित रुपमा आयात भइरहेको छ।
- हाल नेपाल आयल निगम लिमिटेडसँग ४७,३८५ कि.लि. पेट्रोलियम पदार्थ (पेट्रोल, डिजेल, मट्टीतेल, हवाई इन्धन) मौज्दात रहेको छ।
- २०७८ जेठ १ गते देखि २३ सम्म पेट्रोल १९३३२ के.एल., डिजेल ९०४७९ के.एल, मट्टीतेल १२९२ के.एल, हवाई इन्धन १५२ के.एल र एल.पि.ग्याँस १५६२४ मे.टन आयात भएको छ।

- यसै गरी सोही अवधिमा पेट्रोल १९३८२ के.एल., डिजेल ९०४३४ के.एल, मट्टीतेल ११०९ के.एल, हवाई इन्धन ११०४ के.एल र एल.पि.ग्याँस १५६२४ मे.टन बिक्री वितरण भएको छ।

- गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, नक्सालका अनुसार मिति २०७८/०१/१५ गते देखि मिति २०७८/०२/२४ गते बिहान ६:०० बजेसम्म खाद्यान्न, तरकारी, फलफूल, औषधि लगायतका दैनिक अत्यावश्यक वस्तुहरु बोकी उपत्यका प्रवेश गरेका मालबाहक ट्रकहरुको विवरण देहाय बमोजिम रहेको छः-

| | उपत्यका प्रबेश गरेका मालबाहक ट्रकहरूको विवरण/संख्या | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मिति | धान | मकै | चामल | गहुँ | मैदा | चिनी | नुन | दाल | अण्डा | कुखुरा | फल फुल | दुध | औषधी | राँगा | अक्सिजन | खसी | घ्यूतेल | तरकारी |
| २०७८ वैशाख १५-३१ | ३२ | ६२ | ४३३ | ४० | २९५ | ३०३ | ६९ | २७५ | ४५४ | ५५३ | २९८ | ३३२ | १५५ | ८९ | २३ | ६६ | ३१७ | ६९२ |
| पहिलो हप्ता(जेठ (०२-०८) | ९ | २२ | १५४ | १० | ८६ | ६४ | २५ | ९२ | १३८ | १९१ | १०१ | १२१ | ६३ | ३४ | १६ | २३ | ८८ | २५८ |
| दोश्रो हप्ता (जेठ ०९-१५) | १४ | ३९ | २२८ | १६ | १५५ | १३३ | ४३ | १५७ | २३३ | ३१३ | १५९ | १८० | ८९ | ४८ | १४ | २८ | १४६ | ९३५ |
| तेश्रो हप्ता (जेठ १६-२२) | २२ | ३८ | २०३ | १९ | १२३ | ८९ | ३९ | १०७ | २४५ | ३१४ | १३६ | १९० | ७५ | ४० | १९ | २२ | १४६ | ३९१ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जेठ—२३ | १ | ६ | ३१ | २ | १५ | २१ | ७ | १९ | ३७ | ४६ | २३ | ३१ | १० | ७ | ३ | ५ | २४ | ५६ |
| जेठ—२४ | २ | ७ | ३६ | ५ | २१ | २४ | ९ | २७ | ४१ | ४८ | २६ | ३२ | १२ | ७ | ० | ३ | १८ | ५७ |

माथिको तालिका हेर्दा पहिलो हप्ताको तुलनामा जेठको दोश्रो हप्ता थानकोट नाकाबाट अक्सिजन बाहेक अन्य खाद्य वस्तुहरु बोकेका ट्रकहरुको संख्या बढी देखिएको छ।

- कोभिड महामारीको दोस्रो सङ्क्रमणको चरण शुरु भए पछि उद्योग व्यवसाय तथा आपूर्ति व्यवस्थाको सञ्चालन एवं सहजीकरणका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट भएका कार्यहरु:-
    - गृह मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका (उद्योग,वाणिज्य र आपूर्ति)सहसचिवहरु रहने गरी एक र्‍यापिड रेस्पोन्स टिम(Rapid Response Team) को गठन गरिएको छ।
    - यहि मिति २०७८/०२/२१ गते देखि २०७८/०२/३१ सम्म लागू हुने गरी जारी गरिएको निषेधाज्ञाको समयमा दैनिक उपभोग्य खाद्य वस्तुहरुखाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत अनलाइनका साथै आफ्ना बिक्री केन्द्र र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडमार्फत आफ्नो बिक्री केन्द्रहरु मार्फत बिक्री बितरण गर्ने व्यवस्था मिलाइएको छ।
    - हाल कम्पनीसँग दाल, चामल लगायत अत्यावश्यक खाद्य वस्तु पर्याप्त रहेको र आपूर्ति व्यवस्था सहज बनाउन कम्पनी सदा तत्पर रहेको छ।
    - अक्सिजन उद्योगहरुमा विद्युत तथा पानीको नियमित एवं निर्वाध रुपमा आपूर्तिको सुनिश्चितता गर्न खानेपानी मन्त्रालय तथा नेपाल विद्युत प्राधिकरणको केन्द्रिय कार्यालयमा पत्राचार गरिएको छ। सो कार्यमा

आवश्यक समन्वयको लागिप्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत अनुरोध गरिएको छ।

- आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा निषेधाज्ञाको अवधिभर खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडबाट बिक्री हुने खाद्य वस्तु (चामल, पिठो, दाल, नुन, खाने तेल, चिनी) र खाना पकाउने ग्यासको बिक्री मूल्यमा २० प्रतिशत छुट दिने व्यवस्था भएकोले कम्पनी/कर्पोरेशनबाट तोकिएका खाद्य वस्तुहरु एवं खाना पकाउने एल.पि.ग्याँसको बिक्री वितरणको बारेमा सर्वसाधारणको जानकारीको लागि वेवसाइटमा सूचना प्रकाशित गरेको छ। यसको लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको वेवसाइट *www.nepalfood.gov.np* र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको वेवसाइट *www.stcnepal.com* मा हेर्नुहुन अनुरोध छ।